घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

सामाजिक विकास महाशाखा

सूचना प्रकाशित मितिः २०८१।०३।३०

## पुनः कक्षा ११ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

घोराही उप-महानगरपालिकाअन्तर्गतका संस्थागत विद्यालयहरूमा शैक्षिक सत्र २०८१/०८२ का लागि छात्रवृत्तिमा अध्ययन गर्न चाहने माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेका विद्यार्थीहरूले मिति २०८१/०३/२८ गते सम्म फाराम भर्न सूचीत गरिएकोमा यस कार्यालयमा मिति २०८१/०३/३० गतेको निर्णयानुसार पुन: २०८१।०४।५ गतेसम्म कार्यालय समयभित्र तोकिएको ढाँचामा आवेदन फाराम भरेर आवश्यक कागजात संलग्न गरी घोराही उप-महानगरपालिकाको सामाजिक विकास महाशाखामा पेस गर्नका लागि जानकारीसहित यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन फारामसँग पेस गर्नुपर्ने कागजात

क)SEE उत्तीर्ण भएको व्यहोरा जनाउने प्रमाण (अनलाइनबाट निकालिएको नतिजा वा विद्यालयको पत्र)

ख)हालसालै खिचिएको पासपोर्ट आकारको फोटो १ वटा

ग)नागरिकताको प्रमाण पत्र वा जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपि

घ) नागरिकता वा जन्मदर्ताको प्रमाण पत्रमा घोराहीको स्थायी ठेगाना नभएमा बसाइसराइ दर्ताको प्रमाण पत्रको प्रतिलिपि

आरक्षित समूहमा आवेदन लागि पेस गर्नुपर्ने कागजात

क) शहिद/जनआन्दोलनका घाइते/वेपत्ता पारिएका नागरिकका परिवार/द्वन्द्वपीडित नागरिकको परिवारका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको प्रमाणको प्रतिलिपि

ख) आदिवासी/जनजाति, मधेसी, खस आर्य, दलित, थारू, मुस्लिम, अपाङ्ग र असहाय/अभिभावक नभएका व्यक्तिले सम्बन्धित वडा कार्यालयबाट जारी गरिएको सिफारिसको प्रतिलिपि

ग) सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेको व्यक्तिले सम्बन्धित विद्यालयबाट जारी गरिएको सिफारिसको प्रतिलिपि

नोटः सम्पूर्ण प्रतिलिपिमा आवेदन पेस गर्ने विद्यार्थी स्वयंले सक्कलबमोजिम नक्कल ठीक छ लेखी दस्तखत गर्नु पर्नेछ। आवेदन फाराम तथा विद्यालयको सूची घोराही उप-महानगरपालिकाको वेबसाइट www.ghorahimun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

छात्रवृत्तिका लागि आवेदन दिने तथा छनोटसम्बन्धी व्यवस्था

१.कक्षा ११ को छात्रवृत्तिको हकमा आरक्षण गरिएको ४५ प्रतिशत कोटामा सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेका घोराही उप-महानगरपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुले मात्र आवेदन दिन पाउनेछन् । घोराही उप-महानगरपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुका लागि छुट्याइएको कोटा पूरा हुन नसकेमा नपुग संख्या घोराहीमा स्थायी बसोबास नभएका विद्यार्थीहरूका लागि सम्बन्धित आरक्षित समूहमा थप गरिनेछ। यसरी थप गर्दा पनि कोटा पूरा नभएमा नपुग संख्या धेरै आवेदकहरू भएको समूहहरूमा थप हुनेछ । यसरी थप गर्दा पनि कोटा पूरा नभएमा नपुग संख्या खुलातर्फ थप गरिनेछ ।

बिनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं

Scanned with CamScanner

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

२.संस्थागत विद्यालयले विद्यार्थी संख्याका आधारमा उपलब्ध गराउनु पर्ने छात्रवृत्ति कोटामध्ये पचपन्न प्रतिशत कोटा खुला प्रतिष्पर्धाका लागि छुट्याई बाँकी पैंतालिस प्रतिशत कोटालाई शतप्रतिशत मानी देहायका समूहहरूबीच मात्र प्रतिष्पर्धा हुनेछः

क) महिला ३३ प्रतिशत
ख) आदिवासी/जनजाति १५ प्रतिशत
ग) मधेसी १२ प्रतिशत
घ) खस आर्य १७ प्रतिशत
ङ) दलित ९ प्रतिशत
च) थारु ४ प्रतिशत
छ) मुस्लिम २ प्रतिशत
ज) अपाङ्ग २ प्रतिशत
झ) शहिद/ जनआन्दोलनका घाइते/वेपत्ता पारिएका नागरिकका परिवार/द्वन्द्वपीडित नागरिकको परिवार २ प्रतिशत
ञ) असहाय/अभिभावक नभएका ४ प्रतिशत

३.माथि उल्लिखित आरक्षित समूहहरू मध्ये एक विद्यार्थीले कुनै एक आरक्षित समूहबाट मात्र आवेदन दिन पाउनेछ।

४.आरक्षित समूहमा आवेदन दिने विद्यार्थीले एउटै आवेदनबाट खुला र आरक्षित समूह दुबैतर्फ उम्मेदवार हुन पाउनेछ।

५.छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा माध्यमिक शिक्षा परीक्षा (SEE) मा विद्यार्थीले प्राप्त गरेको जि.पि.ए. को आधारमा योग्यताक्रम तयार गरी विद्यार्थीको योग्यताक्रमको आधारमा निजले रोजेको विद्यालयमा छात्रवृत्तिका लागि सिफारिस गरिनेछ । माध्यमिक शिक्षा परीक्षा (SEE) को जि.पि.ए. बराबर भएमा सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) परीक्षा उत्तीर्ण गरेकोलाई पहिलो प्राथमिकता दिइनेछ । यसरी पनि योग्यताक्रम छुट्याउन नसकिएमा सो परीक्षामा क्रमशः गणित, विज्ञान र अंग्रेजी विषयमा सैद्धान्तिकतर्फ प्राप्त गरेको माथिल्लो ग्रेडलाई आधार मानी योग्यताक्रम तयार गरिनेछ ।

बिनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं